# सञ्चार माध्यममा प्रकाशित
# बालबालिका सम्बन्धी विभिन्न घटनाहरूको तेस्रो चौमासिक स्थिति विश्लेषण

## आ. व. २०७४/७५ (चैत - असार)


नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

**केन्द्रीय बाल कल्याण समिति**

हरिहरभवन, ललितपुर
फोन नं.:- ०१-५०१००४५/४६
Website:- www.ccwb.gov.np
Email:–crmccwb@gmail.com
E-Portal:- childrights.gov.np

# पृष्ठभूमि

बालबालिकालाई हिंसा, दुर्व्यवहार, शोषण, भेदभाव, अपहरण, उपेक्षा र बेवास्ता तथा अन्य हानिकारक अभ्यासबाट संरक्षण गर्नु सबैको दायित्व हो । बालबालिकाको हक, हित अधिकारका लागि संवैधानिक, कानूनी, नीतिगत व्यवस्था गरी विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेको भएता पनि बालबालिका विरुद्धका थुप्रै घटनाहरु समाजमा घटिरहेका छन् । बाल दुर्व्यवहार जोकसैबाट जहाँपनि हुनसक्ने भएकाले यस बारेमा बालबालिकादेखि अभिभावकसम्म सबै सतर्क, सचेत र सजग रहन आवश्यक छ । सूचना प्रविधिको विकासक्रमसँगै बालअधिकार सम्वर्द्धन सम्बन्धी सम्बन्धित सरोकारवालाहरुको प्रयत्न, बहस र पैरवीका कारण पछिल्लो समयमा बालअधिकार हनन्का घटनाहरुका सम्बन्धमा आम नागरिकमा संवेदनशीलता बढ्दै गएको छ । तैपनि सामाजिक गलत मूल्य मान्यता र अन्धविश्वासका कारण कतिपय घटनाहरु बाहिर आउन सकिरहेका छैनन् । यसकारण बालबालिका विरुद्ध घटेका बालअधिकार उल्लंघनका घटनाहरुको जानकारी गराई बाल संरक्षणमा सहयोग पुऱ्याउन केन्द्रीय बाल कल्याण समितिले हरेक चौमासिकमा सञ्चार माध्यमबाट प्रकाशमा आएका खासगरी बाल संरक्षणसँग सम्बन्धित घटनाहरुलाई समेटेर चौमासिक/वार्षिक जानकारी पत्र तयार गर्ने गरेको छ ।

यस चौमासिक पत्रमा २०७४ साल चैतदेखि २०७५ असारसम्म आमसञ्चार माध्यममा प्रकाशमा आएका बालअधिकार हनन्का घटनाहरुलाई समेटेर तयार गरिएको छ । यस पत्रमा विश्लेषण गर्न समेटिएका विषयहरु बाल श्रम, बाल यौन दुर्व्यवहार र बलात्कार, मृत्यु, बाल विवाह, हत्या, बालबालिकाको बेचविखन तथा ओसार पसार, गर्भपतन, कुपोषण, अपहरण, बालबालिकामाथि हुने शारीरिक तथा मानसिक सजाय, आत्महत्या लगायतका घटनाहरु रहेका छन् । यस चौमासिक स्थिति पत्रले समाजमा बालबालिका विरुद्ध हुने गरेका घटनाहरुको अवस्था चित्रण गर्नुका साथै बालबालिकाको संरक्षणको सवाललाई प्रतिनिधिमूलक रुपमा उजागर गरेको छ ।


## बालबालिका विरुद्ध घटेका विभिन्न घटनाहरु

विभिन्न पत्रपत्रिका, अनलाईन लगायतका सञ्चार माध्यममा यस अवधिमा बालबालिका विरुद्ध भएका ३०६ वटा घटनालाई विश्लेषण गरिएको छ । जसमा

६७५ जना बालबालिका प्रत्यक्ष रुपमा प्रभावित भएको देखिन्छ । महिनाको आधारमा उक्त घटना संख्यालाई निम्न अनुसार वर्गीकरण गरिएको छः

| महिना | घटना संख्या | प्रभावित बालबालिका | | | |
|---|---|---|---|---|---|
| | | बालक | बालिका | शिशु | जम्मा |
| चैत | ८३ | १२५ | ११३ | ० | २३८ |
| वैशाख | ७९ | ९० | १०३ | १५ | २०८ |
| जेठ | ५५ | २५ | ५९ | ३ | ८७ |
| असार | ८९ | ६२ | ७८ | २ | १४२ |
| **जम्मा** | **३०६** | **३०२** | **३५३** | **२०** | **६७५** |

प्रभावित बालबालिकालाई लैङ्गिक रुपमा विश्लेषण गर्दा सबैभन्दा बढी ३४२ जना बालिका पीडित भएको पाइएको छ भने ३०२ जना बालक र २० जना शिशु (लिंग पहिचान नभई हत्या वा मृत्यु भएका बालबालिका) समेत घटित घटनाबाट प्रभावित भएको पाइएको छ ।





आ.व. २०७४/७५ को दोस्रो चौमासिकमा ४०३ जना बालबालिका विभिन्न बालअधिकार हनन्बाट प्रभावित भएकोमा यस अवधिमा ६७५ जना बालबालिका प्रभावित भएको देखिन्छ । यसले बालबालिका विरुद्ध भएका घटनाहरुको संख्यामा वृद्धि हुँदै गइरहेको देखिन्छ ।

| क्र.सं. | घटना | घटनामा प्रभावित बालबालिका संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | चैत | वैशाख | जेठ | असार | जम्मा |
| १ | बाल श्रम | ११० | ८१ | २० | २० | २३१ |
| २ | बलात्कार | ५७ | २८ | १३ | २२ | १२० |
| ३ | मृत्यु | २४ | १७ | २६ | ४८ | ११५ |
| ४ | बाल विवाह | १५ | ४० | १० | ३१ | ९६ |
| ५ | हत्या | ९ | ७ | ८ | ८ | ३२ |
| ६ | बेचविखन तथा ओसार पसार | ५ | १० | १ | ७ | २३ |
| ७ | गर्भपतन | १ | १८ | ० | ० | १९ |
| ८ | कुपोषण | ९ | २ | १ | ० | १२ |
| ९ | अपहरण | ३ | १ | २ | ४ | १० |
| १० | शारीरिक सजाय | ४ | ० | ३ | २ | ९ |
| ११ | आत्महत्या | १ | ४ | ३ | ० | ८ |
| **जम्मा** | | **२३८** | **२०८** | **८७** | **१४२** | **६७५** |

यसरी यस अवधिमा बाल श्रम, बाल यौन दुर्व्यवहार र बलात्कार, मृत्यु, बाल विवाह, हत्या, बालबालिकाको बेचविखन तथा ओसार पसार, गर्भपतन, कुपोषण, अपहरण, बालबालिकामाथि हुने शारीरिक तथा मानसिक सजाय र आत्महत्या लगायत ११ वटा घटनाहरुलाई निम्नानुसार विश्लेषण गरिएको छः-


## (क) बाल श्रम

बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन निषेध गरेको छ । १४ वर्ष उमेर नपुगेका बालबालिकालाई भने कुनै पनि स्वरुपमा श्रमिकका रुपमा काममा लगाउन नहुने व्यवस्था गरेको छ । बाल श्रम समाजको एक दुःखद् यथार्थता भएता पनि २०७४ चैतदेखि २०७५ असारसम्म बाल श्रम सम्बन्धी २३१ वटा घटनाहरु प्रकाशमा आएका छन् । यस चार महिनाको अवधिमा सबैभन्दा बढी



चैतमा ११०, वैशाखमा ८१ तथा जेठ र असारमा २०/२० जना बालबालिकालाई बाल श्रममा प्रयोग गरिएको देखिएको छ ।

बालबालिकालाई श्रममा प्रयोग गरेको प्रकृतिलाई हेर्दा सार्वजनिक यातायातमा श्रमिकको रुपमा सबैभन्दा बढी ४३ प्रतिशत (१०० जना) रहेको छ भने भारतमा काम गर्नको लागि ३१ प्रतिशत (७२ जना), पर्यटक घोडामा घुमाउने, डुंगामा चालकको रुपमा तथा विवाह लगायत शुभ कार्यमा बाजा बजाउने १० प्रतिशत (२२ जना), घरेलु तथा होटल श्रमिकका रुपमा ७ प्रतिशत (१५ जना), ईट्टा उद्योगमा ४ प्रतिशत (१० जना), पढाई खर्च जुटाउन ४ प्रतिशत (९ जना, जसमा राजमार्गमा लालीगुराँसको फूल र काफल बेच्ने, डुंगा चलाउने, भारी बोक्ने लगायत रहेका छन्) र लागू औषध ओसार पसारमा १ प्रतिशत (३ जना) बालबालिका संलग्न रहेका छन् ।




बाल श्रममा प्रयोग गरिएका बालबालिकालाई लैङ्गिक रुपमा हेर्दा बालक ८२ प्रतिशत (१९० जना) र बालिका १८ प्रतिशत (४१ जना) रहेका छन् ।

उमेर समूहका आधारमा १० वर्ष वा सो भन्दामुनिको ६ प्रतिशत (१४ जना), ११ देखि १४ वर्षको ६१ प्रतिशत (१४१ जना) र १५ देखि १८ वर्षको ३३ प्रतिशत (७६ जना) रहेका छन् ।


आ.व. २०७४/७५ को दोस्रो चौमासिकमा १४० वटा बाल श्रम सम्बन्धी घटना भएकोमा यस अवधिमा २३१ वटा बाल श्रमका घटना प्रकाशमा आएका छन् । यस तथ्याङ्कबाट बाल श्रमको संख्यामा निकै वृद्धि भएको देखिन्छ ।


### (ख) बाल यौन दुर्व्यवहार र बलात्कार

यस चौमासिकमा विभिन्न सञ्चार माध्यममा १२० जना बालबालिकामाथि बाल यौन दुर्व्यवहार र बलात्कार भएका घटनाहरु प्रकाशमा आएका छन् । महिनाको आधारमा सबैभन्दा बढी ५७ जना बालबालिका चैत महिनामा पीडित भएका छन् र यस अवधिको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः-

| महिना | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| चैत | २ | ५५ | ५७ |
| वैशाख | ० | २८ | २८ |
| जेठ | ० | १३ | १३ |
| असार | ० | २२ | २२ |
| **जम्मा** | **२** | **११८** | **१२०** |

यस अवधिमा २ जना बालक जर्मन नागरिकबाट बाल यौन दुर्व्यवहारमा परेका छन् भने ११८ जना बालिका बलात्कृत भएका छन् । जर्मन नागरिकबाट बाल यौन दुर्व्यवहारमा परेका बालकहरु काभ्रेमा घर भाडामा लिई विगत लामो समयदेखि अन्तराष्ट्रिय हाई प्रोफाईल जर्मन नागरिकबाट यौन दुराचारमा पर्दै आएका थिए । बालिका बलात्कार भएका घटनामध्ये १२ प्रतिशत (१४ जना) बालिका सामूहिक बलात्कारमा परेका छन् । घटनालाई हेर्दा सामूहिक बलात्कारमा परेकी ३ जना बालिका सुस्त मनस्थितिका थिए । बलात्कारका घटनाहरुलाई विश्लेषण गर्दा सबैभन्दा बढी चिनजानको व्यक्तिबाट ३७ प्रतिशत (४४ जना) बालिका बलात्कार भएका छन् । त्यसैगरी छिमेकीबाट २७ प्रतिशत (३२ जना), आफ्नै बुबा तथा हाडनाताबाट १२ प्रतिशत (१४ जना), प्रधानाध्यापक तथा शिक्षकबाट ८ प्रतिशत (९ जना), प्रहरी, सेना र कर्मचारीबाट ९ प्रतिशत (११ जना) र घरेलु बाल श्रममा रहेका ७ प्रतिशत (८ जना) बालिका बलात्कृत भएका छन् । हाडनाताबाट बलात्कार भएका १४ जना बालिका मध्ये ८ जना बालिका आफ्नै बुबाबाट बलात्कार भएका छन् । उक्त घटनाहरु लमजुङ, रामेछाप, नवलपरासी सुस्ता पूर्व, सोलुखुम्बु, बाँके, गोरखा, इलाम र दाङ



जिल्लामा घटेको छ । बलात्कारमा संलग्न अभियुक्तमध्ये १६ प्रतिशत (१९ जना) बालकहरु नै रहेको देखिन्छ भने बाँकी ८४ प्रतिशत (९९ जना) वयस्कबाट बालिका बलात्कृत भएका छन् ।

बलात्कारबाट पीडित भएका बालिकाको उमेर समूहका आधारमा विश्लेषण गर्दा ६ वर्ष वा सोभन्दामुनि ४ प्रतिशत (५ जना), ७ देखि १० वर्षका १३ प्रतिशत (१६ जना), ११ देखि १४ वर्षका २९ प्रतिशत (२९ जना) र १५ देखि १८ वर्षका ५८ प्रतिशत (६८ जना) बालिका रहेका छन् । सबैभन्दा कम उमेरको नवलपरासीमा ८ महिने बालिका आफ्नै बाबुबाट बलात्कृत भएको पाइएको छ भने १५ वर्ष उमेरका बालिकाहरु धेरै संख्यामा बलात्कारबाट पीडित भएका देखिन्छन् ।

| **पीडित बालिका संख्या** | **उमेर** |
|---|---|
| १ देखि ६ वर्ष | ५ |
| ७ देखि १० वर्ष | १६ |
| ११ देखि १४ वर्ष | २९ |
| १५ देखि १८ वर्ष | ६८ |
| **जम्मा** | **११८** |

यस अवधिमा ४७ जिल्लामा भएका जम्मा घटनाहरु मध्ये बाल यौन दुर्व्यवहार र बलात्कार भएका जिल्ला र बालबालिकाको संख्यालाई तलको तालिकामा देखाइएको छः-

| **जिल्ला** | **जिल्ला संख्या** | **पीडित बालबालिका संख्या** |
|---|---|---|
| ११ घटना भएका जिल्लाः काठमाडौं | १ | ११ |
| ९ घटना भएका जिल्लाः लमजुङ | १ | ९ |
| ६ घटना भएका जिल्लाहरुः धनुषा, बाँके, बर्दिया | ३ | १८ |
| ५ घटना भएका जिल्लाः नवलपरासी (बर्दघाट सुस्ता पुर्व) | १ | ५ |
| ४ घटना भएका जिल्लाहरुः सिरहा, रौतहट | २ | ८ |
| ३ घटना भएका जिल्लाहरुः भोजपुर, मोरङ, सप्तरी, सर्लाही, ललितपुर, मकवानपुर, नवलपरासी (बर्दघाट सूस्ता पश्चिम) | ८ | २४ |
| २ घटना भएका जिल्लाहरुः खोटाङ, तेह्रथुम, इलाम, महोत्तरी, पर्सा, दोलखा, चितवन, गोरखा, स्याङजा, पर्वत, रुपन्देही, दाङ, अछाम काभ्रेपलाञ्चोक | १४ | २८ |


| | | |
|---|---|---|
| १ घटना भएका जिल्लाहरुः सोलुखुम्बु,ओखलढुङ्गा, पाँचथर, झापा, सुनसरी, भक्तपुर, रामेछाप, सल्यान, सिन्धुली, मुस्ताङ, म्याग्दी, तनहुँ, रुकुम (पूर्व भाग), गुल्मी, डोल्पा, बझाङ, कञ्चनपुर | १७ | १७ |
| **जम्मा** | ४७ | १२० |

त्यसैगरी प्रदेश नं. १ का १० जिल्लामा १७ जना, प्रदेश नं. २ का ७ जिल्लामा २४, प्रदेश नं. ३ का ९ जिल्लामा २५, गण्डकी प्रदेशका ८ जिल्लामा २३, प्रदेश नं. ५ का ७ जिल्लामा २१, कर्णाली प्रदेशका ३ जिल्लामा ६ र प्रदेश नं. ७ का ३ जिल्लामा ४ जना बालबालिका बाल यौन दुर्व्यवहार तथा बलात्कारबाट पीडित भएका छन् ।

आ.व. २०७४/७५ को दोस्रो चौमासिकमा ७८ जना बालबालिका बाल यौन दुर्व्यवहारबाट पीडित भएकोमा यस अवधिमा १२० जना बालबालिका प्रभावित भएका घटना प्रकाशमा आएका छन् । यसबाट बालिका विरुद्ध यौन दुर्व्यवहार र बलात्कार हुने घटनाहरुको संख्यामा वृद्धि हुँदै गइरहेको देखिन्छ ।

## (ग) मृत्यु


यस चार महिनाको अवधिमा विभिन्न कारणले गर्दा ११५ जना बालबालिकाको मृत्यु भएको घटना प्रकाशमा आएका छन् ।




सबैभन्दा बढी असार महिनामा ४८ जना बालबालिकाको मृत्यु भएको देखिन्छ भने अन्य महिनाहरुमा जेठ, चैत र वैशाखमा क्रमशः २६ जना, २४ जना र १७ जना बालबालिकाको मृत्यु भएको छ । उक्त मृत्युका घटनालाई विश्लेषण गर्दा नदी, पोखरीमा डुबेर वा बगेर सबैभन्दा बढी २३ प्रतिशत (२७ जना) बालबालिकाले ज्यान गुमाएका छन् भने खाल्डोमा परेर १६ प्रतिशत (१८ जना), बाढी पहिरोमा परी १४ प्रतिशत (१६ जना), सर्पको टोकाइबाट १३ प्रतिशत (१५ जना), सडक दुर्घटनामा परेर १२ प्रतिशत (१४ जना) र करेन्ट लागेर ७ प्रतिशत (८ जना)

बालबालिकाको मृत्यु भएको छ। त्यसैगरी अन्य विविध कारणले १५ प्रतिशत (१७ जना) बालबालिकाले अकालमा ज्यान गुमाउनु परेको घटना समाचारमा प्रकाशित भएका छन् ।


यस अवधिमा मृत्यु भएका बालबालिकाको संख्यालाई लैङ्गिक रुपमा हेर्दा बालिका ५१ प्रतिशत (५९ जना) र बालक ३९ प्रतिशत (४५ जना) र शिशु १० प्रतिशत ( ११ जना) रहेका छन् । त्यसैगरी उमेरगत समूहका आधारमा विश्लेषण गर्दा शिशुदेखि ५ वर्ष उमेरका १२ प्रतिशत (१४ जना), ६ देखि १० वर्ष उमेरका २७ प्रतिशत (३१ जना) र ११ देखि १८ वर्षका ६१ प्रतिशत ( ७० जना) रहेका छन् ।




यसैगरी आ.व. २०७४/७५ को दोस्रो चौमासिकमा ७८ जना बालबालिकाको हत्या तथा मृत्यु भएकोमा यस अवधिमा ११५ जना बालबालिका प्रभावित भएका घटना प्रकाशमा आएका छन् ।


## (घ) बाल विवाह

सूचना र प्रविधिको विकाससँगै पछिल्लो समय उमेर नपुग्दै विवाह गर्ने घटनाक्रमले केही परिवर्तन आएको देखिन्छ ।




नेपाल सरकारले बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ लागू गरी सो सम्बन्धी विविध कार्यक्रम सञ्चालनमा ल्याएको छ । बाल विवाह विरुद्धका विभिन्न प्रयासहरु हुँदाहुँदै पनि बाल विवाहका घटनाहरुमा कमि भएको देखिँदैन ।

यस अवधिमा विभिन्न २२ जिल्लाहरुमा ८२ वटा बाल विवाहका घटनामा ९६ जना बालबालिकाले विवाह गरेको देखिन्छ । प्रकाशमा नआएका बाल विवाहका घटनाहरु थुप्रै हुनसक्ने अनुमान गर्न सकिन्छ । बाल विवाहका घटनाहरुको वर्गीकरण गर्दा बालक र बालिका दुबै २८ जना (१४ विवाह) ले उमेर नपुग्दै विवाह गरेको छन् भने ३९ प्रतिशत अर्थात ३७ बालिकाको विवाह अनमेल/वृद्ध सँग भएको देखिन्छ । साथै ३२ प्रतिशत अर्थात ३१ जना बालिकाको वयस्क पुरुषसँग विवाह भएको पाइएको छ । बाल विवाह भएका ९६ जनामध्ये अभिभावकद्वारा ५१ प्रतिशत (४९ जना) र आफू खुशी वा भागी विवाह ३४ प्रतिशत (३३ जना) भएको छ भने सामाजिक सञ्जाल र फेसबुक मार्फत उमेर नपुग्दै १५ प्रतिशत (१४ जना)को बाल विवाह भएका घटनाहरु प्रकाशमा आएका छन् । यसैगरी बाल विवाहलाई लैङ्गिक रुपमा विश्लेषण गर्दा बालक १५ प्रतिशत (१४ जना) र बालिका ८५ प्रतिशत (८२ जना) रहेका छन् ।





जिल्लागत रुपमा हेर्दा पर्सा जिल्लामा सबैभन्दा बढी १४ जना बालबालिकाको बाल विवाह भएको घटना प्रकाशमा आएको छ । जिल्लागत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छः-

| क्र.सं. | जिल्लाहरु | बाल विवाह भएका बालबालिकाको संख्या | क्र.सं. | जिल्लाहरु | बाल विवाह भएका बालबालिकाको संख्या |
|---|---|---|---|---|---|
| १ | पर्सा | १४ | १२ | रोल्पा | ३ |
| २ | रुकुम पूर्व | १२ | १३ | धनुषा | ३ |
| ३ | पाल्पा | १० | १४ | सिराहा | ३ |
| ४ | मकवानपुर | ७ | १५ | कपिलवस्तु | ३ |
| ५ | सप्तरी | ५ | १६ | रौतहट | ३ |
| ६ | रुकुम पश्चिम | ५ | १७ | कैलाली | २ |
| ७ | जाजरकोट | ४ | १८ | जुम्ला | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | रुपन्देही | ४ | १९ | बझाङ | १ |
| ९ | खोटाङ | ४ | २० | अछाम | १ |
| १० | ओखलढुंगा | ४ | २१ | सिन्धुली | १ |
| ११ | चितवन | ४ | २२ | महोत्तरी | १ |
| **जम्मा** | | | ९६ | | |

यस अवधिमा भएका ८२ वटा बाल विवाह मध्ये ३७ वटा नेपाल प्रहरीबाट र ६ वटा बाल क्लब बाट गरी जम्मा ४३ वटा बाल विवाह रद्द भएका छन् । आ.व. २०७४/७५ को दोस्रो चौमासिकमा ४० बाल विवाह भएकोमा यस अवधिमा ८२ बाल विवाह भएका घटना प्रकाशमा आएका छन् । यसबाट बाल विवाहको घटनामा वृद्धि हुँदै गइरहेको पाइन्छ ।

## (ङ) हत्या





पछिल्लो समयमा बालबालिकालाई विभिन्न बहाना बनाई समाजमा हत्या गर्ने प्रचलन बढदै गएको पाइएको छ । बालबालिकालाई विभिन्न कारणले हत्या गरेका घटना सार्वजनिक भएका छन् । यस चौमासिकमा बालबालिका हत्याका ३२ वटा घटना सार्वजनिक भएका छन् । सबैभन्दा बढी चैत महिनामा ९ वटा घटना भएका छन् भने जेठ र असारमा ८/८ वटा तथा वैशाखमा ७ जना बालबालिकाको हत्या भएको छ । हत्या भएका बालबालिका मध्ये अपहरण पछि २२ प्रतिशत (७ जना) को हत्या भएको छ । साथै अवैध सम्बन्धका कारण २८ प्रतिशत (९ जना), सौतेनी आमा वा बाबुले गरेको हत्या ३१ प्रतिशत (१० जना) र घरायसी कलहका कारण १९ प्रतिशत (६ जना) बालबालिकाको हत्या गरेको देखिन्छ । हत्या भएका बालबालिकालाई लैङ्गिक रुपमा हेर्दा बालक ३८ प्रतिशत (१२ जना),

बालिका ३४ प्रतिशत (११ जना) र शिशु २८ प्रतिशत (९ जना) गरी ३२ जना बालबालिकाको हत्या भएको देखिन्छ ।

### (च) बालबालिकाको बेचविखन तथा ओसार पसार

बालबालिकालाई विभिन्न प्रलोभनमा पारी ओसार पसार तथा बेचबिखन गर्ने घटना समाजमा रही रहेका छन् । यस अवधिमा विभिन्न सञ्चार माध्यममा प्रकाशित घटनाहरुलाई विश्लेषण गर्दा २३ जना बालबालिका ओसार पसार तथा बेचबिखनमा परेका छन् ।




यस अवधिमा सबैभन्दा बढी वैशाखमा १० जना बालबालिका ओसार पसार तथा बेचविखनमा परेका छन् भने असारमा ७ जना, चैतमा ५ जना र जेठमा १ जना रहेका छन् । जसमा ६५ प्रतिशत (१५ जना) बालक र ३५ प्रतिशत (८ जना) बालिका छन् । यस्ता घटनाहरुबाट प्रभावित बालबालिका मध्ये ८७ प्रतिशत अर्थात २० जना बालबालिका चिनजानको व्यक्तिबाट बाल श्रम तथा अन्य कामका लागि छिमेकी मुलुकमा भारततर्फ बेचविखन तथा ओसार पसार गरी लैजाँदै गर्दा प्रहरीले पक्राउ गरेको घटना प्रकाशमा आएको छ भने १३ प्रतिशत अर्थात ३ जना बालिकालाई भारतमा सभा सम्मेलन तथा विवाहमा नर्तकीको रुपमा प्रयोग गर्न लगेको देखिन्छ ।


देशका विभिन्न ८ ओटा जिल्लाबाट बालबालिकालाई बेचविखन तथा ओसार पसारमा परेको समाचार प्रकाशमा आएको छ । जिल्लागत रुपमा बालबालिकाको संख्यालाई तालिकामा प्रस्तुत गरिएको छः-

| क्र.सं. | जिल्ला | बेचविखन तथा ओसार पसार भएका बालबालिकाको संख्या | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | बाँके | ५ | २ | ७ |
| २ | सर्लाही | ३ | १ | ४ |
| ३ | कञ्चनपुर | २ | १ | ३ |
| ४ | सप्तरी | १ | २ | ३ |
| ५ | सिराहा | २ | ० | २ |

| | | | | |
|---|---|---|---|---|
| ६ | सुनसरी | १ | १ | २ |
| ७ | नवलपरासी | १ | ० | १ |
| ८ | दोलखा | ० | १ | १ |
| | **जम्मा** | **१५** | **८** | **२३** |


## (छ) गर्भपतन

कानूनले लिङ्ग पहिचानको आधारमा गर्भपतन गराउने उद्देश्यले भ्रूणको लिङ्ग पहिचान गराएमा गर्ने, गराउने दुबैलाई ६ महिनादेखि २ वर्षसम्म कैदको व्यवस्था गरेको छ । यसैगरी लिङ्गको आधारमा गर्भपतन गर्ने, गराउने दुवैलाई एक वर्ष कैद तोकेको छ र पनि काठमाडौं लगायत विभिन्न जिल्लामा गर्भपतन गराउनेको संख्या वृद्धि हुँदै गएको पाइन्छ । अवैध सम्बन्ध, गलत सामाजिक मूल्य मान्यता, छोराको चाहना अनि प्रविधिको गलत प्रयोगका कारण गर्भपतन गर्नेको क्रम बढेको देखिन्छ । यस अवधिमा जिल्लागत रुपमा गर्भपतनका धेरै घटनाहरु आएका भए तापनि ती सबै घटनाहरुमा गर्भपतन गराउनेको उमेर, गर्भपतन गराउनेहरुको कारण स्पष्टरुपमा नखुलेको हुँदा यस पत्रमा समावेश गर्न नसकिएता पनि प्रतिनिधि मूलक घटनाका रुपमा यस अवधिमा गर्भपतनका १९ वटा घटनाहरु प्रकाशमा आएका छन् । जसमा १५ वर्षमुनिको १६ प्रतिशत (३ जना) र १६ देखि १८ वर्षसम्मको ८४ प्रतिशत ( १६ जना) बालिकाले गर्भपतन गराएका छन् । गर्भपतन गराउनेमा कलेज पढने बालिका अविवाहित समेतले गर्भपतन गराएको पाइएको छ । यसका साथै छोरा पाउने रहरले ७९ प्रतिशत ( १५ जना) ले गर्भपतन गराएका छन् ।





*जिल्ला स्वास्थ्य कार्यालय जुम्लाको तथ्याङ्क अनुसार गर्भपतन गराउनेमा १८ वर्ष सम्मका अविवाहित किशोरीहरु बढी देखिन्छन् । जसमा चालु आ.व.को १० महिनासम्म १ सय १५ जना ले सुरक्षित गर्भपतन गराएका छन् ।*

## (ज) कुपोषण




विभिन्न जिल्लामा कुपोषित बालबालिकाको संख्या र बालबालिकाको स्वास्थ्य परीक्षण गर्दा उनीहरु कुनै न कुनै किसिमको कुपोषणको शिकार भएको पाइएको छ । यस अवधिमा कुपोषण सम्बन्धी १२ वटा घटनाहरु प्रकाशमा आएका छन् । कुपोषणबाट प्रभावित बालबालिका अन्तर्गत २५ प्रतिशत अर्थात ३ जना बालक र ७५ प्रतिशत अर्थात ९ जना बालिका रहेका छन् । कुपोषणबाट प्रभावित हुनेहरुमा ५८ प्रतिशत (७ जना) पोषणयुक्त खानाको अपर्याप्तताको कारण, २५ प्रतिशत (३ जना) कम तौल अनुसारको कुपोषणका कारण र १७ प्रतिशत (२ जना) खाद्य समस्याका कारण कुपोषण भएको देखिन्छ । केही उदाहरणहरु हेर्ने हो भने *चालु आ.व.को चैत मसान्त सम्म जिल्ला स्वास्थ्य कार्यालय दोलखाका अनुसार जिल्लामा ४४३ बालबालिकामा कुपोषण भेटिएको छ । यस अवधिमा २२ जना बालबालिका (१४ बालिका र ८ बालक ) मा कडा खालको कुपोषण र ४२१ जनामा मध्यम खालको कुपोषण देखिएको छ । जिल्ला जनस्वास्थ्य कार्यालय धनुषाका अनुसार जाँच गरेका ४३ हजार बालबालिका मध्ये १५ प्रतिशत (६ हजार ४५०) मा कुपोषण देखिएको छ । जसमध्ये ३ प्रतिशतमा कडा खालको र १२ प्रतिशतमा मध्यम खालको कुपोषण रहेको छ । जिल्ला जनस्वास्थ्य कार्यालय नवलपरासीका अनुसार पूर्व र पश्चिम नवलपरासीका ४२४ बालबालिकामा कडा खालको कुपोषण देखिएको छ । दुबै जिल्लाका ३२ हजार बालबालिकामा गरिएको परीक्षणका क्रममा यो नतिजा देखिएको छ । जिल्ला जनस्वास्थ्य कार्यालय महोत्तरीका अनुसार ५ वर्षमुनीका ७ हजार बढी बालबालिका कुपोषणको शिकार भएका छन् । यसैगरी २ हजार २०० बालबालिकामा कडा कुपोषण र ५ हजार २ बालबालिकामा मध्यम खाले कुपोषण भएको देखिएको छ ।*

### (झ) अपहरण




यस अवधिमा १० जना बालबालिकाको अपहरण गरिएको घटनाहरु प्रकाशमा आएका छन् । अपहरण गरिएका १० बालबालिका मध्ये ७ जना बालबालिकाको अपहरणपछि हत्या गरिएको छ, अन्य २ जनाको अपहरण पश्चात मुक्त गरिएको छ भने १ जनाको अवस्था जानकारीमा आएको छैन । अपहरण गर्नुका कारणहरुमा ५० प्रतिशत (५ जना) फिरौती, ३० प्रतिशत (३ जना) पारिवारिक रिसीवि र २० प्रतिशत (२ जना) बालिकाले कानमा लगाएको सुनको मुन्द्रा लिनको लागि अपहरण गरिएको पाइएको छ । अपहरण परेका मध्ये ४ जना बालिका र ६ जना बालक रहेका छन् । उमेर समूहका आधारमा विश्लेषण गर्दा सबैभन्दा सानो २ वर्षको समेत गरी ३ जना बालक १० वर्षमुनिका थिए भने ११ वर्षदेखि १४ वर्षका ५ जना र सोभन्दा माथि २ जना रहेका छन् ।

### (ञ) शारीरिक सजाय


विद्यालय तथा उच्च माध्यमिक विद्यालयहरुमा बालबालिकालाई विभिन्न खाले शारीरिक तथा मानसिक सजाय दिने गरेको पाइएको छ । यस अवधिमा विभिन्न सञ्चार माध्यममा ९ वटा शारीरिक सजायका घटनाहरु सार्वजनिक भएका छन् । महिनाका आधारमा चैत महिनामा ४, जेठमा ३ र असारमा २ वटा घटना भएको देखिन्छ भने वैशाख महिनामा विद्यालय प्रायः बन्द हुने भएका कारण शारीरिक सजायका घटनाहरु भएको देखिदैन । तलको तालिकामा विद्यालयमा को, कसबाट शारीरिक सजाय दिने गरिन्छ भन्ने विवरण प्रस्तुत गरिएको छः-

| कोबाट | | लैङ्गिक रुपमा | | पिटाईको अवस्था | | विद्यालयका | |
|---|---|---|---|---|---|---|---|
| | संख्या | | संख्या | | संख्या | | संख्या |
| प्रधानाध्यापकबाट | २ | बालक | ७ | सामान्य | २ | सामुदायिक | ३ |
| शिक्षक पुरुष | ६ | बालिका | २ | गम्भीर चोट | ७ | संस्थागत | ६ |
| शिक्षक महिला | १ | | | | | | |

उल्लिखित सजायका घटनाहरुबाट बालक बढी मात्रामा पीडित भएको पाइन्छ । जस अन्तर्गत ७८ प्रतिशत बालक (७ जना) र २२ प्रतिशत (२ जना) बालिकाले सजाय पाएको देखिन्छ । शारीरिक सजाय दिनेहरुमा विद्यालय प्रधानाध्यापक (पुरुष) दुई जना, पुरुष शिक्षक छ जना र महिला शिक्षक एक जना छन् । शारीरिक सजाय दिनुपर्ने कारणहरुमा हातमा ब्रास्लेट लगाएर आएको, साथीसँग झगडा गरेको, गृहकार्य नगरेको, पढाउँदा कानेखुशी गरेको आदि घटनाको निहुँमा भएको देखिन्छ । पिटाई खाने बालबालिका मध्ये ७ जना बालबालिकाले गम्भीर खाले चोट पाएका छन् । साथै शारीरिक सजाय पाउने ६ जना बालबालिका संस्थागत विद्यालयका छन् भने ३ जना सामुदायिक विद्यालयका रहेका छन् । सामुदायिक विद्यालयहरु भन्दा संस्थागत विद्यालयमा शारीरिक सजाय दिने प्रचलन बढी रहको देखिन्छ ।

### (ट) आत्महत्या

यस अवधिमा ८ जना बालबालिकाले आत्महत्या गरेका छन् । आत्महत्या गर्नेहरुमा ५ जना बालिका र ३ जना बालक रहेका छन् । उमेरगत रुपमा १५ देखि १७ वर्ष उमेरका बालबालिका रहेका छन् । उक्त बालबालिका मध्ये ६३ प्रतिशत (५ जना) ले घरायसी झगडाको कारण आत्महत्या गरेको पाइएको छ भने २ जना बालिकाले विषादी सेवन गरेर आत्महत्या गरेका छन् । उनीहरु आपसमा मितिनीको रहेका तथा एक जना मितिनीको आमाले गाली गरेको कारण दुबै जनाले आत्महत्या गरेको देखिन्छ । साथै १ जना १७ वर्षे बालक उपचार गर्न पैसाको अभावले गर्दा अस्पतालको छतबाट हाम फालेर आत्महत्या गरेका छन् ।




### बालबालिका विरुद्ध जिल्ला तथा प्रदेशमा घटेका घटनासम्बन्धी विवरण

यस पत्रमा उल्लिखित बालबालिका विरुद्धका विभिन्न ११ वटा घटनाहरु निम्न प्रदेश र जिल्लामा घटेको पाइएको छ । नेपालका सात वटा प्रदेशमा घटेका

बालबालिका विरुद्ध घटनाबाट पीडित बालबालिकाको संख्यालाई निम्नानुसार उल्लेख गरिएको छ । यस अवधिमा ३०६ घटनाहरु मध्ये सबैभन्दा बढी २ नं. प्रदेशमा ७३ वटा घटना भएका छन् भने सबैभन्दा कम कर्णाली प्रदेशमा २२ वटा घटना भएका छन् भने अन्य प्रदेशहरुमा ३ नं. र ५ नं. प्रदेशमा ५३ वटा, प्रदेश नं. १ मा ४६ वटा, गण्डकी प्रदेशमा २४ वटा र प्रदेश नं. ७ मा ३३ वटा घटनाहरु घटेको देखिन्छ ।

| जिल्ला | घटना संख्या | बालक | बालिका | शिशु | जम्मा पीडित बालबालिका संख्या |
|---|---|---|---|---|---|
| **प्रदेश नं. १** | | | | | |
| संखुवासभा | १ | १ | १ | ० | २ |
| सोलुखुम्बु | १ | ० | १ | ० | १ |
| ओखलढुंगा | ४ | ३ | ७ | ० | १० |
| खोटाङ | ४ | २ | ५ | ० | ७ |
| भोजपुर | २ | ० | ३ | ० | ३ |
| तेह्रथुम | २ | १ | २ | ० | ३ |
| पाँचथर | १ | ० | २ | ० | २ |
| इलाम | २ | ० | २ | ० | २ |
| झापा | ११ | ९ | १० | ० | १९ |
| मोरङ | १० | ८ | १३ | २ | २३ |
| सुनसरी | ५ | ५ | ६ | ० | ११ |
| उदयपुर | ३ | २ | १ | ० | ३ |
| **जम्मा** | **४६** | **३१** | **५३** | **२** | **८६** |
| **प्रदेश नं. २** | | | | | |
| सप्तरी | १५ | ६ | १५ | ० | २१ |
| सिरहा | ८ | ८ | ४ | ० | १२ |
| धनुषा | १० | १२ | ७ | ३ | २२ |
| महोत्तरी | ११ | ६ | ६ | ० | १२ |
| सर्लाही | ८ | ६ | ६ | ० | १२ |
| रौतहट | ९ | ८ | १० | १ | १९ |

| | | | | | |
|---|---|---|---|---|---|
| बारा | २ | २ | ० | ० | २ |
| पर्सा | १० | १० | ८ | १ | १९ |
| **जम्मा** | **७३** | **५८** | **५६** | **५** | **११९** |
| **प्रदेश नं. ३** | | | | | |
| दोलखा | ३ | २ | २ | ० | ४ |
| सिन्धुपाल्चोक | १ | १ | ० | ० | १ |
| धादिङ | ३ | २ | २ | ० | ४ |
| काठमाडौँ | १२ | ६ | ६५ | ५ | ७६ |
| भक्तपुर | ७ | ६ | ७ | १ | १४ |
| ललितपुर | ५ | ३ | ३ | ० | ६ |
| काभ्रेपलाञ्चोक | ६ | ३ | ७ | २ | १२ |
| रामेछाप | ४ | २ | ३ | ० | ५ |
| सिन्धुली | १ | १ | १ | ० | २ |
| मकवानपुर | ५ | ५ | ५ | १ | ११ |
| ािचतवन | ६ | ३ | ६ | ० | ९ |
| **जम्मा** | **५३** | **३४** | **१०१** | **९** | **१४४** |
| **गण्डकी प्रदेश** | | | | | |
| गोरखा | २ | ० | २ | ० | २ |
| मुस्ताङ | १ | ० | १ | ० | १ |
| म्याग्दी | १ | ० | १ | ० | १ |
| कास्की | ३ | २ | २ | ० | ४ |
| लमजुङ | ५ | ० | ९ | १ | १० |
| तनहुँ | २ | ० | २ | ० | २ |
| नवलपरासी ((बर्दघाट सुस्ता पूर्व) | ४ | २ | ५ | ० | ७ |
| स्याङजा | २ | ० | २ | ० | २ |
| पर्वत | ३ | १ | २ | ० | ३ |
| बागलुङ | १ | ० | १ | ० | १ |
| **जम्मा** | **२४** | **५** | **२७** | **१** | **३३** |

| | | | | | |
|---|---|---|---|---|---|
| **प्रदेश नं. ५** | | | | | |
| रुकुम (पूर्व भाग) | २ | १ | ३ | ० | ४ |
| रोल्पा | ६ | ३ | ५ | ० | ८ |
| प्यूठान | १ | ४५ | ० | ० | ४५ |
| गुल्मी | २ | ० | २ | ० | २ |
| अर्घाखाँची | १ | ० | १ | ० | १ |
| पाल्पा | ६ | १२ | २ | ० | १४ |
| नवलपरासी (बर्दघाट सुस्ता पश्चिम | ४ | २ | ४ | ० | ६ |
| रुपन्देही | १० | २४ | १२ | २ | ३८ |
| कपिलवस्तु | २ | ० | ४ | ० | ४ |
| दाङ | ६ | २ | ४ | ० | ६ |
| बाँके | ६ | ४ | ६ | १ | ११ |
| बर्दिया | ७ | ४ | ९ | ० | १३ |
| **जम्मा** | **५३** | **९७** | **५२** | **३** | **१५२** |
| **कर्णाली प्रदेश** | | | | | |
| डोल्पा | २ | १ | २ | ० | ३ |
| मुगु | १ | १ | ४ | ० | ५ |
| जुम्ला | ३ | २ | २ | ० | ४ |
| दैलेख | १ | ० | १ | ० | १ |
| जाजरकोट | ५ | ६ | ७ | ० | १३ |
| रुकुम (पश्चिम भाग) | २ | २ | ३ | ० | ५ |
| सल्यान | ४ | २ | २ | ० | ४ |
| सुर्खेत | ४ | २ | ४ | ० | ६ |
| **जम्मा** | **२२** | **१६** | **२५** | **०** | **४१** |
| **प्रदेश नं. ७** | | | | | |
| बाजुरा | १ | १ | ० | ० | १ |
| बझाङ | ६ | २० | १२ | ० | ३२ |
| दार्चुला | १ | ० | १ | ० | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| बैतडी | ४ | २५ | ४ | ० | २९ |
| डँडेलधुरा | १ | ० | १ | ० | १ |
| डोटी | ६ | ३ | ४ | ० | ७ |
| अछाम | ४ | ४ | २ | ० | ६ |
| कैलाली | ३ | २ | २ | ० | ४ |
| कञ्चनपुर | ७ | ६ | ३ | ० | ९ |
| **जम्मा** | **३३** | **६१** | **२९** | **०** | **९०** |
| भारतबाट | २ | ० | १० | ० | १० |
| **कूल जम्मा** | **३०६** | **३०२** | **३५३** | **२०** | **६७५** |

उल्लिखित तालिकाका आधारमा प्रदेश नं. २ मा बढी घटना घटेको भएतापनि प्रभावित बालबालिका संख्या भने प्रदेश नं. ५ मा सबैभन्दा बढी १५२ जना प्रभावित भएका छन् भने सबैभन्दा कम गण्डकी प्रदेशमा ३३ जना छन् । प्रदेश नं. ३ मा १४४ जना, प्रदेश नं. २ मा ११९, प्रदेश नं. ७ मा ९०, प्रदेश नं. १८६ र कर्णाली प्रदेशमा ४१ जना बालबालिका प्रभावित भएको देखिन्छ ।

बालबालिका पीडित भएको संख्यालाई हेर्दा सबैभन्दा बढी काठमाडौंमा ७६ जना बालबालिका प्रभावित भएका छन् भने प्यूठानमा ४५, रुपन्देहीमा ३८, बझाङमा ३२, बैतडीमा २९, मोरङमा २३, धनुषामा २२ र सप्तरीमा २१ जना रहेका छन् । त्यसैगरी प्रति जिल्ला १९ जना प्रभावित भएका ३ जिल्ला, प्रति जिल्ला १४ जना प्रभावित भएका २, प्रति जिल्ला १३ जना प्रभावित भएका २, प्रति जिल्ला १२ जना प्रभावित भएका ३, प्रति जिल्ला ११ जना प्रभावित भएका ३, प्रति जिल्ला १० जना प्रभावित भएका ३, प्रति जिल्ला ९ जना प्रभावित भएका २, प्रति जिल्ला ८ जना प्रभावित भएका १, प्रति जिल्ला ७ जना प्रभावित भएका ३, प्रति जिल्ला ६ जना प्रभावित भएका ५, प्रति जिल्ला ५ जना प्रभावित भएका ३, प्रति जिल्ला ४ जना प्रभावित भएका ८, प्रति जिल्ला ३ प्रभावित भएका १५, प्रति जिल्ला २ प्रभावित भएका १८ र प्रति जिल्ला १ जना प्रभावित भएका १० जिल्ला रहेका छन् ।